# पौरस्त्य हिन्दु धर्म र दर्शनमा महिला

बबिता बस्नेत[१]

**इमेल** : babita.basnet@gmail.com

Basnet, B. (2026). पौरस्त्य हिन्दु धर्म र दर्शनमा महिला. *Sambahak: Human Rights Journal*, *26*(1), 201–223. https://doi.org/10.3126/sambahak.v26i1.96291

***सार-सङ्क्षेप***

*यस लेखमा हिन्दु धर्म र दर्शन एवं पौरस्त्य धर्मशास्त्रलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्दै महिलाको सामाजिक, आध्यात्मिक र बौद्धिक स्थानको पुनरावलोकन गर्ने प्रयास गरिएको छ। यो लेखमा पौरस्त्य दर्शनका सम्पूर्ण पक्ष नभई साङ्ख्य, वैशेषिक, योग, न्याय, मीमांसा र वेदान्त गरी ६ वटा दर्शनहरूको समूह हिन्दु दर्शन (जसलाई सनातन दर्शन पनि भनिन्छ) मा महिलाहरूलाई हेर्ने दृष्टिकोणका बारेमा उल्लेख गरिएको छ। स्वधर्म, गार्गी र मैत्रेयीजस्ता महिला दार्शनिकहरू, देवी परिकल्पना, शक्ति-धन-विद्याको प्रतीकात्मकता र स्वयंवरजस्ता अभ्यासहरूलाई आधार मानेर हिन्दु परम्परामा महिलाको स्वायत्तता र सशक्तिकरणका आधारहरू पहिचान गरिएको छ। त्यससँगै मनुस्मृति, मासिक धर्मको अपव्याख्या र रामायणकी सीताको सहनशील, आदर्शजस्ता पितृसत्तात्मक व्याख्याहरूले महिलालाई अधीनस्थ बनाउने संरचनालाई पनि उजागर गरिएको छ। महाभारत, रामायण, स्वस्थानी लगायतका धर्मशास्त्रमा उल्लेख गरिएका पात्रहरूको उपस्थितिले धार्मिक ग्रन्थहरूलाई पितृसत्तात्मक, विरोधाभासी र बहुअर्थी बनाएको छ। यो लेखले हिन्दु धर्ममा महिलाको स्थान, सहभागिता र भूमिका सहनशील, परनिर्भर, आज्ञाकारी पात्रका रूपमा मात्र नभई गरिमामय, समानता र स्वायत्ततालाई समर्थन गर्ने वैचारिक स्रोतहरूसहित कसरी विद्यमान छन् भन्ने चित्रण गरेको छ।*

***प्रमुख शब्दकुञ्जीहरू*** *:* पौरस्त्य, हिन्दु धर्म, धर्मग्रन्थ, सशक्तीकरण, महिलावादी दृष्टिकोण

[१] मिडिया एड्भोकेसी ग्रुप/समय भित्रको समय

## पृष्ठभूमि

पौरस्त्य हिन्दु धर्म र दर्शन मानव सभ्यताको प्राचीनतम वैचारिक परम्पराहरूमध्ये एक हो, जसले जीवन, समाज, धर्म, नैतिकता र ब्रह्माण्डको गहिरो व्याख्या प्रस्तुत गरेको छ। यस परम्परामा महिलाको चित्रण केवल मानव अस्तित्त्वका रूपमा मात्र नभई सृष्टि, शक्ति, ज्ञान र संस्कृतिको स्रोतका रूपमा गरिएको छ।

वैदिक साहित्यदेखि स्मृति, उपनिषद् र पुराणसम्मका धर्मग्रन्थहरूमा महिलाको स्थान, भूमिका र पहिचान विविध आयामहरूमा व्यक्त भएको पाइन्छ। मूलतः दर्शनको सुरुवात पूर्वबाट भएको मानिन्छ। आत्मचिन्तन, आध्यात्मिकता, प्रकृति, धर्म र मानवबीचको सम्बन्ध लगायतका कुराहरू दर्शनभित्र पर्छन्। दर्शनमा हिन्दु दर्शन प्रमुख मानिन्छ यद्यपि बौद्ध र जैन दर्शनको पनि त्यतिकै प्रभाव छ। नेपालमा हिन्दु र बौद्ध दर्शनको बढी प्रभाव रहेको छ। पौरस्त्य दर्शनमा महिलाको कुरा गर्दा सहभागिता, भूमिका र दृष्टिकोणका बारेमा जानकारी र बिश्लेषण महत्त्वपूर्ण हुन्छ।

ऋग्वेदमा गार्गी, मैत्रेयीजस्ता विदुषी महिलाहरूको उल्लेखले महिलालाई ज्ञान र दर्शनका क्षेत्रमा महत्त्वपूर्ण स्थान दिएको देखाउँछ (लुइटेल, २०६३, पृ.६१७-७५५) भने विभिन्न उपनिषद्हरूमा उनीहरूको दार्शनिक संवादले बौद्धिक समानताको सङ्केत गर्दछ। यसैगरी देवी परम्पराले महिला शक्तिलाई ब्रह्माण्डको सृजनात्मक र संरक्षणात्मक शक्तिका रूपमा स्थापित गरेको छ । लक्ष्मी, सरस्वती र दुर्गाजस्ता देवताहरूको पूजा केवल धार्मिक अभ्यासमात्र नभई महिलाको सामाजिक र सांस्कृतिक महत्त्वको प्रतीकका रूपमा व्याख्या गर्न सकिन्छ।

यी धर्मग्रन्थहरूमा महिलाको स्थान सधैं एकरूप र सशक्तमात्र रहेको छैन, कतिपय ग्रन्थमा भने पितृसत्तात्मक संरचनालाई संस्थागत बनाएको देखिन्छ। यसरी हिन्दु धर्मग्रन्थहरूमा महिलाको चित्रण एकातिर देवीत्त्व र उच्च सम्मानसँग जोडिएको छ भने अर्कातिर सामाजिक व्यवहारमा सीमितता र असमानतासँग पनि गाँसिएको देखिन्छ। यस विरोधाभासपूर्ण चित्रणका कारण पौरस्त्य हिन्दु धर्म र दर्शनमा महिलाको वास्तविक स्थान, अधिकार र भूमिका के हो भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ। यो लेखमा वैदिक, औपनिषदिक, पौराणिक तथा स्मृतिग्रन्थहरूको आधारमा महिलाको स्थान र स्वरूपलाई विश्लेषण गर्दै, धार्मिक अवधारणाहरू र सामाजिक यथार्थबीचको सम्बन्धलाई उजागर गर्ने प्रयास गरिएको छ।

## विधि तथा सीमा

यो लेखमा पौरस्त्य दर्शनका सम्पूर्ण पक्ष नभई साङ्ख्य, वैशेषिक, योग, न्याय, मीमांसा र वेदान्त गरी ६ वटा दर्शनहरूको समूह हिन्दु दर्शन (जसलाई सनातन दर्शन पनि भनिन्छ) मा महिलाहरूलाई हेर्ने दृष्टिकोणका बारेमा उल्लेख गरिएको छ। विशेषतः हिन्दु धर्मग्रन्थहरूमा महिलाको स्थान र भूमिकासम्बन्धी अवधारणालाई विश्लेषण गर्न व्याख्यात्मक दृष्टिकोण अपनाइएको छ। अध्ययनका लागि स्रोतका रूपमा रामायण, महाभारत, स्वस्थानीजस्ता धार्मिक ग्रन्थ, उपनिषद्, पुराण तथा स्मृति ग्रन्थहरूलाई आधार बनाइएको छ। यी धर्म ग्रन्थहरूमा उल्लेख गरिएका केही महिला पात्र, तिनको भूमिका, दायित्व तथा सामाजिक-धार्मिक स्थानलाई अध्ययन गरिएको छ। विशेषगरी महिला दार्शनिक, देवी परम्परा तथा सामाजिक नीति, नियमसँग सम्बन्धित प्रसङ्गहरूको विश्लेषण गरिएको छ। यो लेखको विधिमा विषयवस्तु विश्लेषण विधि प्रयोग गरिएको छ। केही धर्मशास्त्रमा प्रमुख रूपमा उल्लिखित महिला पात्रहरू र महिलासँग सम्बन्धित विषयहरूलाई व्याख्या र विश्लेषण गरिएको छ।

मूल धर्मग्रन्थहरू संस्कृत भाषमा भएको र भाषागत सीमितताका कारण नेपाली, हिन्दी र अङ्ग्रेजी भाषामा अनुवाद गरिएका सामग्रीहरूको अध्ययनका आधारमा तयार गरिएको छ। हिन्दु धर्मशास्त्रमा पात्रहरू र धार्मिक परम्परालाई निरन्तरता दिंदै पूजिने देवी देवताहरू धेरै भएकाले शास्त्रका सबै पात्र या पूजिने सबै देवी देवताका बारेमा नभई सीमित शास्त्र र तिनमा उल्लिखित पात्रहरूका बारेमा मात्रै यो लेखमा चर्चा गरिएको छ।

## धर्म‘स्वधर्म

ढुङ्गेयुग पछिका विभिन्न युगमा अहिले झैं कानुन थिएन, धर्म नै कानुन मानिन्थ्यो। न्याय, अन्यायसँग जोडेर धर्मको व्याख्या गरिन्थ्यो। हिंसा अधर्म थियो, दया धर्म थियो। कसैलाई राम्रो गर्नु धर्म थियो, नराम्रो गर्नु, दुख कष्ट दिनु पाप थियो। जे गर्दा पनि पाप धर्मको ख्याल गर भन्ने गरिन्थ्यो। त्यसको अर्थ न्याय, अन्यायको ख्याल गर भनिएको हो। मनुस्मृतिमा धर्मका बारेमा “धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः। धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।” भनिएको छ । यसको अर्थ हुन्छ, धर्मका दश लक्षण छन्ः धैर्य, क्षमा, संयम, चोरी नगर्नु, स्वच्छता, इन्द्रियहरूलाई वशमा राख्नु, बुद्धि, विद्या, सत्य र क्रोध नगर्नु (मनुस्मृति, ६.९२)। धर्म संस्कृत शब्द हो, पाली भाषामा यसलाई धम्म भनिन्छ। प्राणी जगतमा जसले जे गरिरहेको छ, त्यो इमान्दारीपूर्वक गर्नु धर्म हो। आफ्नो कर्तव्य निर्वाह गर्नु धर्म हो। हिन्दु धर्म कुनै निश्चित भगवानको पूजा-पाठ मात्र नभएर हाम्रो

जीवन पद्धति हो। आफूले आफैलाई नियममा बाँध्नु स्वधर्म हो । 'स्व' को अर्थ आफू र धर्मको अर्थ नियम, कानुन, न्याय, कर्तव्य हो।

## हिन्दु धर्मशास्त्रमा महिला दार्शनिकहरू

हिन्दु धर्मशास्त्र ऋग्वेद, बृहदारण्यक उपनिषद् लगायतमा गार्गी, मैत्रेयी, लोपामुद्रा, अपाला, घोषा लगायतको चर्चा गरिएको छ (Radhakrishnan, 1953)। ऋषिमुनिहरूको तुलनामा महिला ऋषिकाहरू न्यून थिए। हिन्दु दर्शनमामात्र नभई अन्य दर्शनमा पनि महिला दार्शनिकको चर्चा ज्यादै कम गरिएको पाइन्छ। कपिल मुनिदेखि गौतम बुद्ध, महावीर हुदै कन्फ्युसियस, लाओत्सेसम्म सबै नै पुरुष थिए (Bryan, 2017)। दर्शन अध्यात्मसँग जोडिएको र ध्यान, योगजस्ता कार्यमा बच्चा पाउने महिलाको प्राकृतिक जिम्मेवारीका कारण बाधा पुगेकाले महिलाको सङ्ख्या कम भएको मान्न सकिन्छ (Doniger, 2010)। ऋषिमुनिहरू लामो ध्यान गर्थे, ध्यानका क्रममा चिन्तन मनन गरेर सिद्धान्त र दर्शनको खाका बनाउथे। अहिलेजस्तो लेख्ने कपी कलमको प्रचलन थिएन, त्यसैले थोरै शब्दमा धेरै अर्थ दिने खालका सूत्र निर्माण गर्थे। बृहदारण्यकोपनिषतको अध्याय १, ब्राह्मणम् ४, मंत्र १० मा अहं ब्रम्हास्मि, तत्त्वमसिजस्ता शब्दहरू ऋषिमुनिको चिन्तनबाट उत्पन्न भएका हुन्, जुन सूत्र शब्दका रूपमा मानिन्छन् (अम्माई, वि.सं.२०७८)। उपनिषद्को चार महावाक्य मध्ये एक हो, अहं ब्रम्हास्मि अर्थात् म नै ब्रम्हाण्ड हुँ। कतिले यसलाई म नै ब्रह्मा हुँ भनेर पनि अर्थ्याएका छन्। सनातन हिन्दु धर्मग्रन्थहरू यति शक्तिशाली छन् कि जम्मा एउटा वाक्यलाई लिएर मानिसहरूले विद्यावारिधि गरेका छन्। अहं ब्रम्हास्मिका बारेमा शोध गर्नेहरूको सङ्ख्या ठुलो छ। म नै ब्रम्हाण्ड हुँ अर्थात ब्रम्हाण्डमा जे छ त्यो ममा छ, ममा जे छ त्यो ब्रम्हाण्डमा छ । ब्रम्हाण्ड जे ले बनेको छ, मानिसभित्र पनि त्यही छ। परापूर्वकालदेखि नै पुरुषहरू चिन्तन मननमा निर्धक्क लाग्न सकेको र महिलाहरू लाग्न नसकेको देखिन्छ।

ऋषिका दार्शनिक गार्गीले राजा जनकको दरबारमा आयोजित शास्त्रार्थमा भाग लिएर पुरुष दार्शनिक ऋषिमुनिहरूलाई आफ्नो तर्कले जितेको बृहदारण्यक उपनिषद्मा (विधान १०, जहाँ गार्गी र याज्ञवल्क्य संवाद छ) उल्लेख छ (Radhakrishnan, 1953)। गार्गीलाई सनातन धर्मग्रन्थ वेदको व्याख्याताका रूपमा लिइन्छ । यस्तै, मैत्रेयी वेद र उपनिषद्की ब्याख्याता थिइन् (Olivelle, 1996) भने घोषाले ऋग्वेदलगायतका वैदिक सूक्त लेखेको कुरा शास्त्रहरूमा उल्लेख छ (लुइटेल, २०६३, पृ.८९१-८९५)। लोपमुद्रा र अपाला पनि तार्किक ऋषिका थिए।

महाभारतको वन पर्वमा ऋषि अगस्त्यकी पत्नी लोपमुद्राले महिलाले लगाउने राजसी वस्त्र र आभूषण त्यागेर ऋषिका बनेकी थिइन् भनिएको छ (Ganguli, 2010)।

वास्तवमा, समय परिस्थिति मिल्ने हो भनें महिलाहरू पुरुषभन्दा बढी आध्यात्मिक बन्न सक्छन् किनभने सहनशिलताका अनेकौं सीमाहरू पार गरेपछि मानिस आध्यात्मिक बन्छ। धर्मको सम्बन्ध न्यायसँग छ। मानिसहरू प्रायः धर्म र अध्यात्मलाई मिसमास गरेर बुझ्ने गर्छन्। धर्म र अध्यात्मबीचको सम्बन्ध सत्यसँग जोडिन्छ, जुन सत्यसम्म पुग्नका लागि पुरुषका लागि सहज र महिलाका लागि असहज बाटा र दृष्टिकोणहरू छन्। जीवनको सत्य खोज्ने क्रममा राजाका छोरा राजकुमार सिद्धार्थ गौतमले घर छोड्नु भो र कालान्तरमा भगवान गौतम बुद्ध बन्नु भो। उहाँकी पत्नी यशोधरा त्यसैगरी घर छोडेर सत्यको खोजीमा हिँड्नु भएको भए के हुन्थ्यो होला? आमा विना सिद्धार्थ र यशोधराका छोरा राहुलको हुर्काइ सहज हुदैनथ्यो होला। समाजले हेर्ने दृष्टिकोण, पाइला पाइलामा भोग्नुपर्ने असुरक्षा लगायतले उहाँलाई निर्वाण प्राप्त गर्न कठिन हुने थियो होला।

## सधै पवित्र र पूज्य महिला

हिन्दु धर्मशास्त्रमा पाँच जना महिलालाई पञ्चकन्याका रूपमा लिइएको छ। शक्तिशाली र पूज्य यी पाँच महिलाहरू अहिल्या, द्रौपदी, कुन्ति, तारा र मन्दोदरी हुन् (Doniger, 2010)। कन्याको अर्थ कुमारी अर्थात अविवाहित भन्ने हुन्छ। अविवाहित बालिकालाई पवित्रताको प्रतिक मानेर पञ्चकन्याका रूपमा पूजा गर्ने चलन हामी कहाँ अहिलेसम्म कायम छ (Kinsley, 1988)। तर शास्त्रमा उल्लेख गरिएका यी पाँचै जना महिलाहरू विवाहित थिए। अहिल्या ऋषि गौतमकी पत्नी थिइन्। द्रौपदीका युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव गरी पाँच जना पतिहरू थिए। द्रौपदीलाई पाण्डवपत्नी पनि भनिन्छ। कुन्तीको विवाह पाण्डुसँग भएको थियो। तारा ऋषि बृहस्पतिकी र मन्दोदरी रावणकी पत्नी थिइन्।

महाभारत र रामायणका महत्त्वपूर्ण पात्रहरूमा पर्ने यी पञ्चकन्याको जीवन त्यति सहज भने कसैको पनि थिएन। अहिल्यालाई इन्द्रले छल गरेर शारीरिक सम्बन्ध राखेको थाहा पाएपछि उनका पति गौतम ऋषिले श्राप दिएर ढुङ्गामा परिणत गराइ दिए (Doniger, 2010)। उक्त सम्बन्धमा अहिल्याको कुनै दोष थिएन। आफ्ना पति ऋषि गौतम नै ठानेर उनले सम्बन्ध राखेकी थिइन् तर इन्द्रले छल गरेर ऋषि गौतम बनी सम्बन्ध राखेका थिए। आफ्नो कुनै दोष नहुँदा नहुँदै पनि अहिल्याले पत्थर बन्नु पऱ्यो, जुन श्रापबाट मुक्ति पाउन उनलाई लामो समय लाग्यो। द्रौपदी महाभारतकी सशक्त पात्र हुन् जसले महिलाको आत्मसम्मानको प्रश्न पटक-पटक उठाइन् (Ganguli, 2010)। तत्कालीन समाजकी विद्रोही पात्र उनलाई हस्तिनापुर राजभवनको भारी सभामा चीर हरणको प्रयास गरियो। त्यो अपमानको ज्वाला निभाउन उनलाई लामो समय लाग्यो। पाँच पाण्डवकी आमा कुन्ती मातृत्व र जिम्मेवारीकी प्रतीक हुन्। उनले जीवनमा विभिन्न कठिन परिस्थितिहरूको सामना गर्नुपऱ्यो ।

जसलाई मनले सम्झिएर बोलायो, उही आफ्नो अगाडि आइपुग्ने विशेष वरदान प्राप्त उनले एक पल्ट आफूले प्राप्त वरदानको परीक्षण गर्न भगवान् सूर्यलाई सम्झिएकी थिइन्। प्रार्थना गर्नासाथ सूर्य अगाडि आए। परिणामतः अविवाहित हुँदै गर्भवती भएपछि उनलाई समाजले के भन्ला भन्ने डर लाग्यो। समाजको डरका कारण उनले आफ्नो पुत्र कर्णलाई जन्मिनासाथ फूलको ढकीमा राखेर नदीमा बगाइ दिइन्, जसको भावनात्मक पीडा उनले जीन्दगीभर खप्नुपर्‍यो (वेदव्यास, मिति नभएको)।

यस्तै तारा निकै बुद्धिमानी महिला थिइन् जसको विवाह बृहस्पतिसँग भएको थियो । क्षमाकी प्रतीक मानिने तारालाई चन्द्रदेवले आकर्षित भई अपहरण गरेको भन्ने छ। जसका कारण देवता र असूरबीच तारक युद्ध भएको र पछि ब्रम्हाले चन्द्रबाट तारालाई छुटाई बृहस्पतिसँग मिलाएको शास्त्रहरूमा उल्लेख छ (Kinsley, 1988)। तारा र चन्द्रबाट एक सन्तान बुधको जन्म समेत भएको थियो। पञ्चकन्यामध्येकी मन्दोदरी विवेकशील महिला थिइन्। लङ्काका राजा रावणसँग उनको विवाह भएको थियो। ज्ञानले भरिएकी, पतिलाई उचित सल्लाह सुझाव दिने र देशभक्त महिला भनी मन्दोदरीका बारेमा विभिन्न शास्त्रमा उल्लेख गरिएको छ (Doniger, 2010)।

उल्लिखित पञ्चकन्याका बारेमा अध्ययन गर्दा परापूर्वकालदेखि नै बौद्धिक महिलाहरू थिए, जो आफ्नो क्षमताका कारण चर्चित थिए भन्ने बुझिन्छ यद्यपि उनीहरू सबैले जीवनमा कुनै न कुनै बाधा, अड्चन र भुक्तमान खप्नुपरेको थियो (Kinsley, 1988)। मन्दोदरीबाहेक यी सबै महिलालाई विभिन्न परिस्थितिले पतिबाहेक अन्य पुरुषसँग सम्बन्ध राख्नु परेता पनि उनीहरूलाई पवित्र कन्याका रूपमा लिइएको छ।

## पुरुषको भन्दा महिलाको नाम अगाडि

हिन्दु धर्मशास्त्रमा पुरुष भन्दा महिलाको नाम अगाडि लिइएका कारण परापूर्व कालमा महिलाको सम्मान थियो भन्न सकिन्छ। उदाहरणका लागि सीता-राम, राधा-कृष्ण, गौरी-शंकर, लक्ष्मी-नारायणलगायतको सम्बोधनलाई लिन सकिन्छ। मर्यादा पुरुष रामभन्दा सीताको नाम अगाडि राखेर सीता राम भन्ने गरिएको छ। कथा वाचनमा होस या भजनमा, सीताको नाम नै अगाडि आउने गरेको छ।

राधा र कृष्णको विवाह भएन तर अविवाहित साथलाई पनि हाम्रा धर्मशास्त्रमा मान्यता दिइएको छ। राधा कृष्णकी प्रेमिका हुन्, कृष्णका अन्य धेरैं महिला साथी र श्रीमतीहरू थिए भन्ने कुरा महाभारत, कृष्ण चरित्र लगायत पुस्तकहरूमा उल्लेख छ। विवाहभन्दा प्रेमलाई महत्त्व दिएर कृष्णको साथमा राधालाई राख्ने गरिएको छ। मन्दिरमा दुवैलाई सम्मानका साथ राखेर एकसाथ पूजा अर्चना

गरिन्छ। भजन तथा सम्बोधनमा राधे कृष्ण भन्ने गरिएको छ। यसैगरी अन्य देवी र भगवानहरूको पनि नाम लिँदा पत्नीको नाम अगाडि राखेर सम्बोधन गर्ने गरिएको छ।

हामी अहिले एक्काइसौं शताब्दीमा पनि आमाको नामबाट सन्तानको पहिचानको कुरा गरिरहेका छौं। मुलुकमा आमाको नामबाट नागरिकताको प्रसङ्ग उठेको र नागरिकताको कानूनमा आमाको नामबाट सन्तानले नागरिकता पाउनुपर्छ भनेर बर्षौं बर्षदेखि विभिन्न प्रयासहरू भए। अहिलेसम्म पनि एकल आमाका या बाबुको पहिचान नभएका सन्तानले सहज तरिकाले नागरिकता पाउन सकिरहेको अवस्था छैन। हाम्रा धर्मशास्त्रहरूमा भने आमाको नामबाट बच्चाको परिचय दिइएको छ। महाभारतमा पाण्डवहरूलाई आमा कुन्तिको नामबाट कौन्तेय भनी सम्बोधन गरिएको छ। कर्णलाई जन्म दिने आमा कुन्ति भए पनि नदीमा बगाइएपछि एक सर्बसाधारण किशानले भेटेर उनकी पत्नी राधाले हुर्काएकी थिइन्। कर्णले राधालाई आफ्नी आमा मान्ने हुँदा उनी राधेयका नामले परिचित थिए (वेदव्यास, मिति नभएको. पृ. ५७९) ।

यस्तै नन्द र देवकीका पुत्र भगवान श्रीकृष्णलाई देवकीनन्दन भनेर सम्बोधन गरियो। देवकीको कोखबाट जन्मिए पनि यशोदाले हुर्काएका कारण कृष्णलाई यशोदानन्दन पनि भनिन्छ। यसैगरी अदितिका सन्तानलाई आदित्य, दितिका पुत्रलाई दैत्य, अञ्जनी पुत्र हनुमान, शुभद्रा नन्दन अभिमन्यु, रेणूका नन्दन परशुराम भन्ने गरिएको छ। यी सबै नामहरूलाई आमाको नामले सम्बोधन गरिएको छ ।

वास्तवमा सनातन हिन्दु धर्म दर्शनमा महिलाको सम्मान सुरुदेखि नै थियो। धर्मशास्त्रहरूमा उल्लेख पनि भयो तर अभ्यास गर्नेहरूले शास्त्रको मर्म विपरीत महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्न थाले। कतिले चाहिँ परापूर्वकालमा लेखिएका धर्मशास्त्रलाई पछि कागजमा उतार्ने क्रममा आफू अनुकुल व्याख्या गर्दै हेलाजन्य शब्दहरू लिपिबद्ध गर्ने काम भयो।

## मनुस्मृतिमा महिला

सनातन धर्मको प्राचीन ग्रन्थ हो मनुस्मृति, जसलाई मानव धर्मशास्त्र पनि भनिन्छ। मनुस्मृतिको मूल भाषा संस्कृत हो। संस्कृतको मूल ग्रन्थमा महिलाप्रति सम्मानजनक कुराहरूमात्रै रहेको तर पछि यसमा महिला र दलितका लागि नकरात्मक धारणा बन्ने खालका बाक्यहरू थपिएको भन्ने विद्वानहरूको सङ्ख्या ठुलो छ। मनुस्मृतिको प्राचीन संस्करण र पछि थपिएको हस्तलिखित वाक्यहरूबीच अन्तर छ भन्ने स्वामी विवेकानन्दको मत छ। यसैगरी डा.एस राधाकृष्णनले आफ्नो पुस्तक हिन्दु भ्यु अफ लाइफमा 'मनुस्मृतिमा कथित विरोधाभाषाी शब्दहरू पछि थपिएका हुन्' भन्नुभएको छ।

वाशिंटन एण्ड ली युनिभर्सिटीमा नेपालको मूलुकी ऐन र हिन्दु धर्मशास्त्र अध्यापन गर्ने प्राध्यापक टिमुथी लुविनसँग 'समय भित्रको समय' पोडकाष्टका लागि सन् २०२४ को मे २५ तारिखमा गरिएको कुराकानीमा उहाँले हिन्दु धर्मशास्त्रमा सबैभन्दा राम्रो मनुस्मृति भएको र यसबारेमा कतिपयको बुझाइ गलत रहेको उल्लेख गर्नुभएको थियो (बस्नेत, सन् २०२४)।

मनु मानव जातिका आदि पुरुष थिए भनी शास्त्रहरूमा उल्लेख छ। मनुकी पत्नी शतरूपा थिइन्, जसलाई सय रूप भएकी भनी व्याख्या गरिएको छ । मनु र शतरूपाका सन्तानलाई मनुष्य भनिएको पाइन्छ। मनुष्य संस्कृत शब्द हो, जसको अर्थ मानव या मान्छे भन्ने हुन्छ। मनु र शतरूपाका तीन सन्तान थिए भनी भागवत पुराणमा उल्लेख छ। यिनै मनुले ऋषिहरूलाई दिएको शिक्षा मनुस्मृति हो। भृगु ऋषिले मनुका उपदेशहरू सङ्कलन गरी तात्कालीन समाजका लागि धार्मिक, सामाजिक र नैतिक आचारसंहिताका रूपमा ल्याएको भन्नेछ । मनुस्मृतिमा १२ अध्याय र २६८४ श्लोकहरू रहेका छन्। कुनै संस्करणमा श्लोकको सङ्ख्या २९६४ भएकाले थपिएका श्लोकमा महिला र दलितको निचो बनाएर लेखिएको हुन सक्ने शास्त्र अध्यापन गर्नेहरूको भनाइ रहेको छ। महिलालाई अधीनमा राख्न र दलितलाई हेप्न शास्त्रले होइन, मानिसले ती कुराहरू थपेका हुन सक्छन् किनभने उनीहरूलाई घरमा र समाजमा आफ्नो वर्चश्व बढाएर महिलाहरूलाई दबाएर आफ्नो अधीनमा राख्नु थियो। मनुस्मृतिमा जगतको उत्पत्ति, संस्कार, विधि, ब्रत, स्नान, विवाह, महायज्ञ, श्राद्ध-फल, वृत्ति-लक्षण, शौच, अशुद्धि, स्त्री धर्म, गृहस्थाश्रम, वानप्रस्थ, मोक्ष, सन्यास, राजधर्म, स्त्री पुरुष धर्म, प्रायश्चित लगायतका १२ अध्याय रहेका छन्।

> 'जहाँ स्त्रीको पूजा हुन्छ त्यहाँ देवता रमाउँछन्' भन्ने सोच भएका मनुले मनुस्मृतिमा महिलालाई अधिनमा राख्नुपर्छ भनेर तल्लो स्तरका शब्दहरू प्रयोग गरे होला भन्न सकिँदैन। बलपूर्वक कुनै पनि स्त्रीको रक्षा हुदैन, कुनै पनि व्यक्तिले दबाब दिएर या बलको भरमा स्त्रीको रक्षा गर्न सकिँदैन भनी मनस्मृति ९।१० मा भनिएको छ। यसको अर्थ महिलालाई रक्षा गर्ने नाममा जबरजस्ती नगर भन्ने हो। मनुस्मृति ९।१२ मा 'स्त्री अरूको नियन्त्रणमा बस्ने होइन, आत्म नियन्त्रणमा बस्ने हो, आत्म नियन्त्रणबाट नै स्त्रीले अरूको निन्दाबाट बच्न सक्छन' भनिएको छ। 'जो स्त्री आफ्नो रक्षा आफै गर्न सक्ने हुन्छे, आफ्नो विवेकले गर्ने हुन्छे, ऊ सुरक्षित हुन्छे।' भनी मनुस्मृति ३ । ६० मा उल्लेख छ (द्विवेदी, सन् १९१७)।

यस्तो सोच भएका मनुले महिलाले छोरी हुँदा बाबुको, पछि पतिको र त्यसपछि छोराको अधिनमा बस्नु पर्छ भनेर लेखे होला भनी कल्पना गर्न सकिँदैन। यस्ता कुराहरू पछि विभिन्न संस्करण

निकाल्ने क्रममा महिलालाई आफ्नो पकडमा राख्नका लागि पुरुष लेखकले थपेका वाक्यांश हुन भनी अनुमान गर्न सकिन्छ। मनुस्मृतिमा जुन कुलमा पत्नीको व्यवहारबाट पति र पतिको व्यवहारबाट पत्नी सन्तुष्ट हुन्छन्, त्यो कुलको कल्याण निश्चित छ भनिएको छ। यदि यस्तो भएदेखि घरेलु हिंसा कम हुने थियो। अहिले व्यवहार फरक र विभेदपूर्ण भएकै कारण घरेलु तथा अन्य हिंसा बढ्दो छ। विवाहलाई सहधर्मचारिणीसंयोग भनिएको छ। जुन कुलमा स्त्रीको सत्कार हुँदैन, कुल नष्ट हुन्छ भनिएको छ ।

## शक्ति, धन र विद्याको प्रतीकका रूपमा महिला

हिन्दु धर्ममा महिलालाई 'देवी' मानिएको छ। दुर्गा, काली शक्तिका प्रतीक, असत्यलाई पन्छाइ सत्यको जीत गराउनका लागि दुर्गा र कालीको पूजा गरिन्छ। बडादशैं नवदुर्गाको उपासनाको पर्व हो। नौ दिनसम्म विभिन्न देवीको पूजा अर्चना गरेर विजयादशमीका दिन दशैं सम्पन्न गर्ने गरिएको छ। धार्मिक मान्यताअनुरूप महिला देवीका रूपमा शक्ति स्वरूपा हुन्। यसैगरी लक्ष्मी धनकी प्रतीक हुन्। धनधान्यका लागि लक्ष्मीको पूर्जा अर्चना गरिन्छ। तिहारमा सम्पन्नताकी प्रतीक लक्ष्मीका नाममा उपासना गरी धुमधामसँग पूजा गर्ने गरिएको छ। यसैगरी सरस्वतीलाई विद्याकी देवी मानिन्छ। शक्ति, सम्पत्ति र विद्याका प्रतीक देवीहरू आफैमा स्वतन्त्र र सम्पन्न भएको परिकल्पना गरिएको छ ।

विगतदेखि अहिलेसम्म पनि दशैंको सबै भन्दा सशक्त पक्ष त महिला शक्तिको पूजा अर्चना नै हो। देवीको पूजा गर्नुको अर्थ स्त्री शक्तिको सम्मान हो। हाम्रोजस्तो 'पुरूष प्रधान समाज'मा 'महिला शक्ति' को उपासना आफैमा रोचक पक्ष हो। नवरात्रीको पूजा अर्चनाले एउटा छुट्टै परिवेशको निर्माण गर्छ, जुन दशैंको सबैभन्दा सुन्दर र सबल पक्ष हो। बलि आफैमा धर्म हो या होइन बहसको विषय हुन सक्छ तर बलि चढ्ने पनि देवीहरूलाई मात्रै हो। कुनै पुरुष भगवानले बलि भोग लिएको देखिएको छैन (बस्नेत, वि.सं. २०७६)।

## देवीहरूको सशक्त एकल जीवन

टाढा-टाढा मन्दिरमा रहने देवीहरूलाई हेर्दा महिलाको सार्वजनिक जीवन परापूर्वकालदेखि नै थियो भन्न सकिन्छ। प्रायः महिला देवताहरू (देवीहरू) एक्लै र पुरुष देवताहरूचाहिँ जोडी देखिन्छन्। पुरुष देवताका साथमा पत्नी भए पनि धेरैजसो महिला देवताका पति छैनन्। उनीहरू आफै सशक्त छन्, निडर छन्। भक्तहरू उनीहरूको शक्तिको पूजा गर्न टाढा-टाढाबाट मन्दिरसम्म पुग्छन् । उदाहरणका लागि बाग्लुङ कालिका, दक्षिणकाली, पाथीभारा, बिन्दवासिनी, मैतीदेवी, भद्रकाली, कङ्कालिनी, गढीमाई, कालिञ्चोक भगवती आदि। यता पुरुष देवताहरू शिवसँग पार्वती, विष्णुसँग

लक्ष्मी, राम मन्दिरमा सीता यस्तै अरू पनि। यसबाट महिलाको जीवन त्यतिबेला देखि नै एकल थियो भन्ने देखिन्छ। महिलाहरू सशक्त थिए, एक्लै पनि बस्न सक्थे, उनीहरूको आफ्नै अस्तित्त्व थियो। पुरुष भगवानमा एक्लै हनुमानजीमात्रै देखिन्छन् (बस्नेत, वि.सं. २०७६)। हामीले देवीहरूको यो शक्तिलाई यसरी भने परिभाषित नै गरेनौं, गरिरहेका छैनौं। शास्त्रमा लेखिँदा र सार्वजनिक रूपमा देखिँदा पनि आफ्नो घर, परिवार र समाजमा भने यो हिम्मतको चर्चा गरेनौं, गरिरहेका छैनौं।

**मासिक धर्मको अपव्याख्या**

महिलाको शरीरबाट प्रत्येक महिना चार, पाँच दिनसम्म रगत बग्ने कार्यलाई हामीले रजश्वला, नछुने भएको या पर सरेको भन्ने गरेका छौं। यो अवधिमा महिलाले अलग्गै बस्ने, भान्सामा नपस्ने र मन्दिर नजाने कुरालाई लिएर अहिले धर्ममाथि प्रहार गर्नेहरू पनि छन्। हिन्दु धर्मका कारण महिलाको रजश्वला हुने शारीरिक प्रक्रियालाई पापको संज्ञा दिइयो भन्नेहरू पनि छन् तर हाम्रा धर्म शास्त्रहरूमा महिलाको शरीरबाट रगत बग्ने सो प्रक्रियालाई पाप होइन 'मासिक धर्म' भनी उल्लेख गरिएको छ। कुनै पनि शास्त्रमा 'मासिक पाप' भनिएको छैन। त्यसैले जसले यो प्रक्रियामा भएका नकरात्मक पाटाहरूलाई धर्मसँग जोड्छन्, तिनले कि त धर्मशास्त्रहरू अध्ययन नै गरेका छैनन् या त जानीजानी अपव्याख्या गरिरहेका छन्।

कामाख्या देवी हिन्दु धर्मअनुसार यस्ती देवी हुन्, जसको मासिक धर्मलाई उत्सवको रूपमा मनाइन्छ। भारतको असाममा कामाख्या देवीको मन्दिर छ, जहाँ दर्शनका लागि भक्तजनहरूको भीड लागिरहेको हुन्छ। कामाख्या प्रेम र प्रजनन् शक्तिकी प्रतीक हुन। पौराणिक मान्यताअनुसार महादेवले आफ्नी मृतपत्नी सतिदेवीलाई बोकेर हिंड्दै गर्दा उक्त स्थानमा योनी खसेको थियो। सतीको योनीलाई स्त्री शक्तिकेन्द्र मानेर उक्त ठाउँलाई धार्मिक मान्यताअनुरूप ५१औं शक्तिपीठमध्ये एक महत्त्वपूर्ण शक्तिपीठ मानिन्छ। भगवान शिवकी पत्नीले आफ्ना बाबुको यज्ञमा पतिको अपमान सहन नसकी आत्मदाह गरेकी थिइन्। भगवान शिवले पत्नीको शोक सहन नसकेर लाश बोकी भौंतारिएर संसारको यात्रा गरेका थिए। सोही क्रममा सतिदेवीका विभिन्न अङ्ग विभिन्न स्थानमा पतन भएका थिए। कामाख्या मन्दिरमा योनीको आकारको पवित्र योनीकुण्ड छ। प्रत्येक वर्ष जुन महिनामा कामाख्यामा देवीको रजश्वला उत्सव मनाइन्छ, त्यतिबेला उक्त योनीकुण्डबाट रगतझैं देखिने रातो केही बग्ने गरेको बताइन्छ। कामाख्याको पूजा अर्चना स्त्री शरीर, प्रजनन शक्ति र सिर्जनाको सम्मान हो। यसले हिन्दुधर्ममा महिलाको शरीर, प्रजनन् क्षमता र सिर्जनालाई कति

सम्मान गरिन्थ्यो भन्ने बुझाउँछ। मानिसको जीवनको प्रारम्भ महिलाको रजश्वला अर्थात् मासिक धर्म र स्त्री गर्भसँग सम्बन्धित छ।

मनुस्मृतिमा पनि महिलाको मासिक धर्मको चर्चा गर्दै ४१ । ४४ मा भनिएको छः जो पुरुष रजश्वला भएकी स्त्रीसँग संभोग गर्छ, उसको बुद्धि, बल, यस, नेत्र र आयु नष्ट हुन्छ (द्विवेदी, सन् १९१७)। रजश्ला भएका बेला महिलाहरूलाई हुने शारीरिक पीडामा पतिले शारीरिक सम्बन्ध राखेर थप पीडा नदिउन् भनेर यो कुरा राखिएको भनी बुझ्न गाह्रो पर्दैन। अहिले हाम्रो देशको कतिपय ठाउँमा मासिक धर्मका बेला महिलाहरूलाई छाउ गोठमा राख्ने प्रचलन पनि छ, जसका कारण धेरै महिलाहरूले दुःख पाएका छन्, कतिले ज्यान नै गुमाएका छन्। हाम्रा कुनै पनि धर्म शास्त्रमा महिलालाई त्यस प्रकारको व्यवहार गर्न भनिएको छैन। त्यस प्रकारको विभेद नगरून् भनेर नै शायद कामाख्या देवीलाई प्रतीकका रूपमा राखी रजश्वलालाई उत्सवको रूपमा मनाउने गरिएको हुनुपर्छ। धार्मिक मूल्यमान्यताले दिएका यस्ता सन्देशहरू हामीले ग्रहण गर्न सक्नुपर्छ।

सद्गगुरु जग्गी वासुदेवका अनुसार, ढुङ्गे युगमा जतिबेला महिला पुरुषसँगै जङ्गलमा ओडारमा बस्थे। महिलाहरूको रजश्वला भएका बेला रगतको गन्धले जङ्गली जनावर विशेषगरी भालुहरू नजिक आएर उनीहरूलाई झम्टिन थाले। महिलाको शरीरबाट रगत बगेको बेला उनीहरूलाई जङ्गली जनावरबाट जोगाउन पुरुषहरूले रुखमाथि रुखका हाँगाहरूको घरजस्तै बनाएर अलग्गै राख्न थाले। यसरी महिलालाई जोगाउनका लागि रजश्वला भएका बेला अलग्गै माथि राख्न थालिएको प्रथाले कालान्तरमा घरमा पनि अलग्गै बस्ने परम्परा बसाएको हुन सक्छ। यही परम्पराले हाम्रा कतिपय जिल्लामा छाउपडीको रूप लियो। राम्रो आशयले गरिएका अभ्यासलाई कसैले दुरूपयोग गर्छ भने यसमा धर्म या धर्मशास्त्रहरूको के दोष ?

## आफै 'वर' छान्न पाउने अधिकार स्वयंवर

'वर' संस्कृत शब्द हो, जसको अर्थ पति र स्वयंको अर्थ आफै भन्ने हुन्छ। 'स्वयंवर' आफैले पति या जीवन साथी छान्ने समारोह भन्ने हो। हिन्दु धर्मशास्त्रमा जीवनसाथी रोज्ने कुरामा महिलालाई पहिलो प्राथमिकतामा राखिएको छ। परापूर्वकालमा महिलाको हात र साथ माग्नका लागि लाइन लागेर पुरुषहरूको पुरुषार्थको परीक्षण गरिन्थ्यो। विभिन्न देशका राजा महाराजाहरूले छोरीको विवाहको उमेर भएपछि स्वंयवरको दिन तोक्ने गर्थे, जहाँ विभिन्न देशका राजाका छोरा राजकुमारहरूको लाइन लाग्थ्यो। सर्वसाधारणको त के कुरा राजाका छोराहरूले पनि आफ्नी पत्नी आफूले रोज्न पाउँदैन थिए। कसलाई जीवनसाथी रोज्ने कसलाई नरोज्ने महिलाको हातमा थियो।

रामायणकी प्रमुख पात्र सीता (उपाध्याय, २०५५), महाभारतकी प्रमुख पात्र द्रौपदीले स्वयंवरमार्फत आफ्नो वर आफै चयन गरेका थिए (वेदव्यास, मिति नभएको. पृ. ७८)। रामायण, महाभारत तथा अन्य विभिन्न धर्मशास्त्रमा उल्लिखित राजामहाराजाहरूले पत्नी प्राप्त गर्नका लागि ठुलो सङ्घर्ष गर्नुपरेको थियो। रामले सीतालाई पाउन धनुष उठाउनु परेको थियो (उपाध्याय, २०५५, पृ. ९५-१०२), । अर्जुनले द्रौपदी पाउन माछाको आँखामा धनुष वाण पुर्याउनु परेको थियो। पुरुषको बल, बुद्धिको परीक्षण गरेरमात्र महिलाहरूले यो मेरो जीवन साथी हुनसक्छ भन्ने आत्मविश्वासका साथ माला पहिराउने गर्थे। हामी अहिले 'नारीवाद' को कुरा गर्छौं। नारीवाद (फेमिनिजम) मा समानता र स्वतन्त्रताले ठुलो अर्थ राख्छ। जीवन साथी रोज्ने अधिकारका बारेमा महिलामाथि हुने सबै प्रकारका भेदभावविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धी (सीड) मा उल्लेख छ भनी हामी गौरवका साथ भन्छौं। द्वापर र त्रेता युगका महिलाहरूले त्यो अधिकारको अभ्यास पहिल्यै गरेका थिए। महिलाले स्वयंवर गर्ने भएकाले त्यतिबेलाका पुरुषहरू महिलाहरूबाट अस्वीकार हुन सक्थे। धेरै पुरुषहरूका बीच एक जनालाई माला लगाइदिने हुँदा भयङ्कर पराक्रमी भनेर चिनिएका, मानिएका राजकुमारहरू पनि अस्वीकृत भएर फर्कनु पर्थ्यो। अहिले भने राम्री लागेन या खुट्टाका औंला मिलेनन् या शिर अँध्यारो भयो लगायतका अनेक बहानामा महिलाहरूलाई विवाहका लागि हेर्ने र छोड्ने क्रम जारी छ। कुनै पनि बाहनामा कसैलाई अस्वीकार गर्नु या कसैबाट अस्वीकृत हुनु राम्रो होइन। अहिले प्रायः पुरुषहरूले लिएको त्यो अधिकार रामायण र महाभारतकालमा महिलामा निहित थियो।

यही स्वयंवरको परम्परालाई अहिले पहिल्यै सबै कुरा भइसकेपछि कुरा छिन्ने दिन केटाकेटीले फूलमाला लाउने कामलाई स्वंयवर भन्ने गरिएको छ। कतिले चाहिँ स्वयंवर विवाहकै दिन पनि गर्ने गर्छन्। खासमा स्वयंवरको अर्थचाहिँ अहिले भइरहेको अभ्यासभन्दा फरक हो। सीता, कुन्ती, द्रौपदी लगायत रामायण र महाभारतकालीन नारीहरूलाई स्वयं वर खोज्ने स्वतन्त्रता भए पनि हाम्रा हजुरबुबा, हजुरआमा र बाबुआमाले जसलाई दिन्छन्, जस्तालाई दिन्छन् लुरुलुरु पछि लाग्न बाध्य थिए। न त उमेर मिल्नु पर्थ्यो, न त देखभेट नै गर्नु पर्थ्यो, विचार मिल्ने नमिल्ने त कुरै नगरौं।

## रामायणकी सीता शहनशील हुनुको परिणाम

रामायणमा राजकाज र साधारण जीवन पद्दतिका धेरै कुराहरू छन्। 'सीताजस्तै सहनशील हुनु' अधबैंशेसम्मका पुस्ताले छोरीलाई हुर्काउँदै गर्दा धेरैले प्रयोग गरेको शब्द हो यो। अहिलेको पुस्ताले यो शब्द खासै सुन्नुपरेको नहुन सक्छ। सीता र रामको जोडी आदर्श मान्ने गरिए पनि मानसिक हिंसाको सुरुवात सीताकै पालामा भएको थियो भन्न सकिन्छ। कर्तव्य-परायण रामसँगै वनवास गए पनि सीताले विना कसूर अग्निपरीक्षाबाट गुज्रनु पर्‍यो यद्यपि कतिपयले अग्नी परीक्षाको कुरा

रामायणको पहिलो संस्करणमा नभएको पनि भन्ने गरेका छन्। राजा बन्नुपर्ने बेलामा बाबुको आज्ञा पालन गर्दै १४ वर्ष वनवास गएकाले रामलाई कर्तव्य-परायण मानिएको हो। उनका ठाउँमा अरू सन्तान भए सायद विद्रोह गर्ने थिए !

राजा दशरथले पत्नी कैकेयीको दबाबमा परेर छोरालाई वनवास पठाउन बाध्य भएपछि 'तिमी मसँग बरु विद्रोह गरेर राज्य लेऊ, राजकाज चलाऊ तर वनवास नजाऊ' भन्दा रामले कैकेयी पनि मेरी आमा नै हुन्, आज्ञाको पालना गर्नु मेरो धर्म हो भनेर जङ्गल गए (उपाध्याय, २०५५, पृ. ९६)। बाबुआमाको आज्ञालाई आफ्नो कर्तव्य ठान्ने भएकाले उनलाई कर्तव्य-परायण भनिएको हो ।रामले पाएको अर्को उपमा हो 'मर्यादा पुरुष'। मर्यादाको कसी महिलामा मात्रै लागु हुने र जे-जे गरे पनि, केही नगरे पनि पुरुष भनेको पुरुष नै हो भन्ने मान्यता रहेको तात्कालीन समाजमा पुरुषले धेरै महिलाहरू विवाह गर्ने चलन थियो। आफ्नै बाबु राजा दशरथका तीन वटी पत्नी थिए। समाजमा बहुविवाह सामान्य थियो। श्रृङ्खलाबद्ध विवाह गर्न सक्नुलाई मर्दाङ्गि ठानिन्थ्यो। त्यस्तो बेलामा रामले एक पत्नीमा सीमित रही मर्यादा कायम राखेकाले उनलाई पुरुषहरूमा उत्तमको संज्ञा दिँदै मर्यादा पुरुषोत्तम भनियो। भगवान रामलाई आफूप्रति आफ्नी पत्नीको समर्पणका बारेमा जानकारी नहुने कुरै भएन।

सबै कुरा जानकारी हुँदाहुँदै पनि समाजले प्रश्न उठाउँदा प्रतिकार गर्न नसक्ने वातावरण कसरी बन्यो होला ? कतिले यसलाई जनताले प्रश्न उठाएपछि राजधर्मको पालना गरेको पनि भन्ने गरेका छन्। आफ्नी पत्नीको चरित्रमाथि शङ्का गर्दा कम्तिमा आफ्नो पतिले साथ दिने अवस्थाको सिर्जना गरिएको भए अहिलेसम्म तमाम महिलाहरू शङ्काको सिकार हुनुपर्ने थिएन कि भन्ने लाग्छ ! यद्यपि रावणले अपहरण गरेर लगेपछि रामले जुन रूपमा दिलोज्यान दिएर पत्नीको खोजी गरे, त्यो सामान्य कुरा थिएन। जे हुनु भइहाल्यो भनेर अर्को विवाह गरेर बस्न पनि सक्थे तर त्यसो नगरी आफ्नो सारा शक्ति लगाएर सीतालाई फिर्ता ल्याए। जसलाई जीवन साथीका लागि गरिएको एउटा ठुलो भरोसायोग्य कदम मान्न सकिन्छ ।

सीताले रामका लागि सकेको त्याग गरिन्। राजकुमारीका रूपमा हुर्किएकी उनले गेरु वस्त्र लगाएर रामसँगै वनवासको यात्रा गरिन्। सीतालाई रावणले लङ्कामा राखुञ्जेल राम पनि जङ्गलमा एक्लै थिए तर रामको अग्नि-परीक्षाको माग कसैले गरेन। धोवी अर्थात् सर्वसाधारणले कुरा काटे भनेर गर्भवती सीतालाई जङ्गल पठाइयो। दुःखको के सीमा थियो र ? जङ्गलमै सीताले जुम्ल्याहा छोरा जन्माइन् (उपाध्याय, २०५५, पृ. ३४४)। समयक्रममा आफ्ना बच्चाहरू लिएर फर्किएपछि फेरि उनलाई अग्निपरीक्षा दिन भनियो। पटक-पटकको शङ्का र अविश्वासपछि अन्ततः सीताले 'अब म थाकेँ, हे

धर्तीमाता मलाई लैजाऊ' भनिन्। पृथ्वी फाट्दै गर्दा आवाज आयो- 'यो संसार तिमीजस्ताका लागि उपयुक्त छैन, आऊ मसँग ।'उनी संसारबाट विलीन भइन् (उपाध्याय, २०५५, पृ. २३४)। हजारौं वर्षदेखि हामीले आदर्श मानिरहेका यी दुई पात्र राम र सीतालाई लिएर कुरा गर्दा महिलाहरूलाई मर्यादावाला प्रसङ्गले अलिकति आकर्षित गरे पनि रामजस्तो अर्कालै शङ्का गर्दैमा पत्याएर सजाय दिलाउने पति चाहिएको छैन तर पुरुषहरूलाई भने अहिले पनि सीताजस्तै पत्नी चाहिएको छ, सुन्दर, सुशील, सहनशील !

रामबाट सिक्नै पर्ने कुरा के हो भने जस्तोसुकै आपत्-विपत् सहन सक्ने क्षमता थियो। देश र जनतालाई उनले सर्वोपरि ठाने। मुलुकको हितका अगाडि परिवार, नातागोता गौण बन्न पुगे। जनताको चाहनालाई नै आफ्नो इच्छा ठाने र उनीहरूमध्ये कसैलाई पनि अन्याय नहोस् भन्ने कुरामा सधैं सचेत रहे। राम आदर्श पति नभए पनि सफल राजा हुन्। आफ्नै पत्नीमाथि न्याय गर्न नसके पनि न्यायिक राज्यको निर्माण गरेर तात्कालीन जनताको मनमा मात्र नभई अहिलेसम्म पनि मानिसहरूको मनमष्तिष्कमा बस्न सक्नु रामको जीन्दगीको सबै भन्दा ठुलो सफलता हो। सहनशील हुनुको परिणाम सीताले अग्निदाह गर्नुपर्यो।

**महिलावादी दृष्टिकोणबाट महाभारतका पात्रहरू**

कहिले गान्धारीको ठाउँमा, कहिले कुन्तीको ठाउँमा त कहिले द्रौपदीको स्थानमा आफूलाई राखेर हेर्ने महिलाहरू कति होलान् ? धेरै होलान्, जसले महाभारतको कथा सुनेका छन्, पढेका छन्, बुझेका छन्। कथा नै थाहा नपाइकन तिनका पात्रहरूसँग तुलना गर्ने कुरा भएन। महाभारतकालीन यी महिलाहरू स्वयंवर (आफैले आफ्नो पति छान्ने काम) गर्थे (बस्नेत, २०७३)। गान्धारीबाहेक कुन्ती र द्रौपदीले भारी सभामा विभिन्न देशका राजकुमारहरू लाइनमा राखेर स्वयंवर गरेका हुन्। द्रौपदीलाई कसले पाउने भन्ने कुरामा शर्त राखिएको थियो। धनुष विद्यामा उत्कृष्ट हुनुपर्ने भनिएको मात्र थिएन, अभ्यास नै गराइएको थियो। कुन्तीले राजकुमारहरूको अनुहार र मुखाकृति अभिव्यक्ति हेरेरै पाण्डुलाई रोजेकी थिइन्। दृष्टिविहीनलाई छोरी नदिने भनेर उनका बाबु र भाइ धृतराष्ट्रलाई गान्धारी दिन राजी थिएनन्। गान्धारी स्वयं आफू धृतराष्ट्रसँग विवाह गर्न राजी भएकी थिइन्। हस्तिनापुरका राजकुमार धृतराष्ट्रसँग विवाहको प्रस्ताव गएपछि गान्धार नरेशकी छोरी गान्धारीले जब आफ्ना हुनेवाला पति दृष्टिविहीन भन्ने थाहा पाइन्। उनले पनि आँखामा पट्टी बाँध्ने निर्णय गरिन्। यसो गर्नुको कारण बताउँदै उनले भनेकी थिइन् 'आँखा नदेख्ने (सबैतिर अध्याँरो देख्ने) मान्छेलाई बुझ्नका लागि अन्धकारलाई महसुस गर्न सक्नुपर्छ।'

हामी महिलावादलाई मूलप्रवाहीकरण गर्ने कोशिस गरिरहेका छौं। राजनीति, अर्थ, शिक्षा, स्वास्थ्यलगायत सबै क्षेत्रलाई महिलावादी दृष्टिकोणबाट हेरिनु पर्छ भन्ने माग महिलावादीहरूको छ।

यस्तै महिलावादलाई पछिल्लो समयमा पुरुषलाई 'झर्को' लाग्ने शब्दका रूपमा लिनेहरूको सङ्ख्या पनि त्यत्तिकै छ। तर नारीवादको अर्थ त समानतासँग मात्रै जोडिएको छ। अहिलेका महिलाहरूले दृष्टिबिहिन व्यक्तिलाई जीवन साथी रोज्ने हिम्मत गर्लान कि नगर्लान्, त्यतिबेला गान्धारीले त गरिन् यद्यपि विवाह गरेपछि आँखामा पट्टी नबाँधिएको भए अझ राम्रो हुने थियो भन्न सकिन्छ । उनको आँखाबाट संसार हेर्ने धृतराष्ट्रको चाहना अधुरो रह्यो। आमाको नामबाट सन्तानहरू चिनिंदा त्यतिबेला गौरब गरिन्थ्यो।

द्रौपदी महाभारतकी सबै भन्दा चर्चित पात्र हुन्। यसो हुनुका अनेक कारण छन्। त्यसमध्ये धर्मराज भनेर मानिएका युधिष्ठिरले उनलाई जुवामा दाउ राख्नु र राजसभामा उनको अपमान प्रमुख कारण हुन्। सम्पत्तिका रूपमा द्रौपदीलाई जुवाको खालमा दाउ राखेर जग्गा जमिन र पैसा जस्तै गरी हारेपछिका संवादहरू मन छुने छन्। महिलालाई वस्तुका रूपमा हेर्न मिल्छ कि मिल्दैन, पाइन्छ कि पाईँदैन भन्ने बहस महाभारतकालदेखि नै रहेको देखिन्छ। 'मलाई जुवाको दाउमा राख्नका लागि म तिमीले चाहेको बेला प्रयोग गर्ने सम्पत्ति होइन' भनेर द्रौपदीले पटक-पटक भनेकी छिन्। जुन कुरामा उनकी सासु कुन्ती र बढी सासु गान्धारीले भरपुर साथ दिएका छन्। 'यो मेरो मात्र होइन सारा नारी जातिको इज्जतसँग जोडिएको कुरा हो' भनेर कुन्तीले भनेकी छन्। द्रौपदीलाई लछार पछार गर्दै भारी सभामा पुर्याएर सारी उतार्न लगाएको (चीरहरण) प्रसङ्गमा नारीजातिको सम्मान र आत्मसम्मानको कुरा गान्धारीले सशक्त रूपमा उठाएकी छन्। राजसभामा उपस्थित पुरुषहरूलाई गान्धारीले 'महिलाको अपमान गरेर तिमीहरूको सम्मान बढ्दैन' भनेकी छन् (वेदव्यास, मिति नभएको, पृ. १११)। त्यसअघि अर्जुनले द्रौपदीलाई विवाह गरेर ल्याएपछि आमा कुन्तीले भिक्षा ल्याएको ठानी सबै दाजुभाइले बराबरी बाँडेर लिनुभनेका वचनलाई लिएर पनि लामो छलफल भएको छ। पत्नीलाई भिक्षा भन्न तिमीले कसरी सक्यौ ? पत्नीलाई भिक्षा भन्न मिल्छ ? भनेर कुन्तीले आफ्ना छोरा अर्जुनलाई प्रश्न गरेकी छिन्।

महाभारतमा अधिकारसँगै कर्तव्यका धेरै कुरा छन्। कुन्तीले आमा हुनुको अधिकार माग्दै गर्दा कर्णले उत्तरदायित्वको कुरा सम्झाएका छन्। आमा हुनुको कर्तव्य पूरा नगरी नदीमा बगाइदिने आमाप्रति उनका कठोर शब्दहरूले बच्चा पाउनु मात्रैले आमा भइँदैन भन्ने सन्देश दिएको छ। कर्ण कुन्तीले अविवाहित अवस्थामै जन्माएका छोरा हुन्। कुमारी आमा हुने कुरा अहिले त कठिन छ, त्यतिबेला केसम्म हुन्थ्यो होला अनुमान गर्न सकिन्छ। मान्छेले के भन्लान भनी इज्जत धान्न र लोकलाजबाट बच्नका लागि कुन्तीले आफ्नो पहिलो सन्तान कर्णलाई फूलको ढकीमा राखेर नदीमा बगाएकी थिइन् (वेदव्यास, मिति नभएको, पृ. ५७९)। लोकलाजकै कारण अहिले कति शिशुहरू संसारै नदेखी आमाकै हातबाट मर्न बाध्य छन्।

महाभारतकालमा पनि महिलावादी पुरुषहरू थिए। समानताको परिभाषाभित्र समेटिने गरी महिलाको अस्तित्त्व स्वीकार गर्नु र उनीहरूको आत्मसम्मानलाई महत्त्व दिनु नारीवाद हो। राजसभामा द्रौपदीको सारी तान्ने दुशासन पुरुष नै भए पनि बेइजती हुनबाट जोगाउनका लागि अघि सर्ने कृष्ण पनि पुरुष नै थिए। चीरहरण प्रयासपछि विह्वल द्रौपदीलाई गान्धारी भन्छिन् 'आफ्नो आँशु आफै पुछ द्रौपदी, अरुले पुछिदिएर हुँदैन, आफ्नो आँशु आफै पुछ (वेदव्यास, मिति नभएको, पृ. १११)।' हामी अहिले महिलाहरू आफै सक्षम र सशक्त हुनुपर्छ भनी रहेका छौं। आफैले आफ्नो आँशु पुछ्नुको अर्थ आफैले आफैलाई संहाल्नु हो, सशक्त हुनु हो। भारी सभामा द्रौपदीको बेइज्जती काण्डपछि विदुरले महारानी भनेर सम्बोधन गर्दा गान्धारी प्रश्न गर्छिन्''महिलाको सम्मान नहुने यस्तो राज्यमा के म महारानीको सम्बोधन गरिन योग्य छु ?' तर हामी कहाँ जिउँदै जलाउने, बलात्कार लगायतका घटनाहरू हुँदा पनि कुनै उच्च पदस्थहरूले प्रश्न गरेको सुनिएको छैन। यतिका घटनामा केही गर्न नसक्दा नसक्दै पनि के म यो मुलुकको प्रधानमन्त्री या मन्त्री भनिन योग्य छु ? नारीवाद पुरुषको विरोध होइन, प्रवृत्तिको विरोध हो, पितृसत्ताको विरोध हो। हामीकहाँ भएका धेरैजसो नारीवादी महिला र पुरुषहरू उदारवादी नारीवादी हुन् भन्न मिल्छ। कतिपय अर्थमा महाभारतकालीन नारीवाद उदारवादी नारीवादभन्दा माथि लाग्छ।

महाभारतमा सबैभन्दा उल्लेखनीय नारी पात्र को हुन् भनेर गरिने प्रश्नमा उत्तर हुन्छ, 'सत्यवती'। देश र वंश परम्परा चलाउनका लागि कुन हदसम्मको नीति अवलम्बन गर्नु पर्ने हुन सक्छ भन्ने कुराको उदाहरण हुन सत्यवती। महाभारत पुरुषको युद्ध भए पनि भरतवंश धान्नका लागि महारानी सत्यवतीको योगदान कल्पना नै गर्न नसक्ने प्रकारको छ। आफ्ना (राजा सान्तनु र सत्यवतीका) छोराहरू चित्राङ्गद र विचित्रवीर्य (विवाह नभई मृत्यु भएको) को मृत्युपछि आफ्ना बुहारीहरू (विचित्रवीर्यका पत्नीहरू अम्बिका र अम्बालिका) लाई अरू कसैसँग शारीरिक सम्बन्ध राख भनेर कुन सासुआमाले भन्न सक्लान्? त्यसो भन्नु उचित थियो या थिएन बहसको बिषय हुन सक्छ तर उनले आफ्ना बुहारीहरूलाई गरेको 'मनोपरामर्श' आश्चार्यलाग्दो छ। अहिले हामी एकल महिलाको पुनर्विवाहको कुरा गरिरहेका छौं। त्यतिबेला सत्यवतीले आफ्ना एकल बुहारीहरू गर्भवती हुने परिकल्पना मात्र गरिनन, व्यास (उनकै बिवाह पुर्वका छोरा) सँग सम्बन्ध राख्न मानसिक रूपले तयार समेत गरिन्। त्यतिबेलाको जमानामा त्यो स्तरको सोच आफैमा आश्चार्यजनक लाग्छ। बुहारीलाई परामर्श गर्ने क्रममा सासु सत्यवती भन्छिन् 'बच्चा जन्माएर कुल परम्परा धान्ने काम तिम्रा श्रीमान अर्थात मेरो छोराको थियो तर ऊ आफ्नो कर्तव्य पूरा नगरी यो संसारबाट बिदा भयो। जब पतिले गर्नै पर्ने कुनै कर्तव्य गर्दैन त्यो पत्नी स्वयंले गर्नुपर्ने हुन्छ, जाऊ ऋषि व्यास तिमीलाई पर्खिरहेका छन् (वेदव्यास, मिति नभएको, पृ. १-७८)।

प्रेमी या जीवन साथीको रूपमा राजकुमारको कल्पना गर्दै हुर्किएका उनीहरूका लागि ऋषिसँगको सम्बन्ध सहज हुने कुरै भएन। ऋषि व्यासलाई देखेपछि बुहारी अम्बिका डराइन् र आँखा चिम्लिइन्, परिणामतः दृष्टिविहीन बच्चाको जन्म भयो, धृतराष्ट्र। ऋषिले आमा सत्यवतीलाई अम्बिकाले अत्याधिक डराइ दुवै आँखा चिम्म गरेकाले दृष्टिविहीन बच्चा जन्मिने बताएपछि उनले अर्की बुहारी अम्बालिकालाई पनि दिदीलाई जस्तै गरी परामर्श गरिन्। अम्बिका र अम्बालिका दिदीबैनी थिए। अम्बालिका पनि डराइन्, ऋषिलाई देखेपछि उनको पूरै शरीर डरले सेतो भयो । परिणामतः पाण्डु जन्मिए, जन्मदै रोगी। दिदी र बैनी दुवै डराएपछि दिदी अम्बिकाले आफ्नी दासीलाई ऋषि सामु पठाइन्। सपना फरक भएका कारणले हुन सक्छ, दासी उक्त सम्बन्धमा रोमान्चित भइन्, परिणामतः विदुर जन्मिए। धुरन्धर विद्वानका रूपमा रहेका उनको विदुरनीति प्रख्यात छ।

अहिले चिकित्सकहरू भन्छन्, महिलाहरूले गर्भवती हुँदा चिन्ता लिनुहुँदैन, मन खिन्न गर्नुहुँदैन, खुशी रहनुपर्छ, सकरात्मक सोच्नुपर्छ। यो कुरा महाभारतकालमै स्थापित भइसकेको थियो। सम्बन्ध राख्दाको परिस्थिति र मनस्थितिअनुसारको बच्चा जन्मिन्छ भन्ने उदाहरण धृतराष्ट्र, पाण्डु र विदुर हुन्। महाभारतकाल र वर्तमान समयको फरक भनेको यतिबेला भए विदुरको कानूनी हैसियतको खोजी हुन्थ्यो तर त्यतिबेला कसैले प्रश्न उठाएन र उनी हस्तिनापुरका मन्त्री बनेर राजकाजमा सधैं सहभागी भए।

अहिले भए कुन्तीलाई राजमाता भनेर कसैले मान्थ्यो मान्दैनथ्यो यसै भन्न सकिन्न। ससाना कुरामा शङ्का र उपशङ्का गरेर बुहारीलाई घरबाट निकालिदिने र चरित्रका नाममा सम्बन्ध तोड्ने समाजमा कुन्तीको स्थान कहाँ हुन्थ्यो होला ? नारीवादका नाममा हिन्दु धर्मशास्त्रहरूको विरोध गर्नेहरूले यस्ता कुराहरूलाई सूक्ष्म रूपले हेरेर विश्लेषण गरेजस्तो लाग्दैन। महाभारतका धेरै प्रसङ्गा अहिलेका महिलाहरूभन्दा महाभारतकालीन महिलाहरू सशक्त लाग्छन्। पुरुषलाई वंश परम्परा धान्ने संज्ञा दिएर वंशजको अधिकार दिने समाजमा महिलाले वंश धान्नका लागि गरेका अनेक प्रयासहरू महाभारतमा लिपिबद्ध छन्। 'जब पुरुषले कुनै काम गर्न सक्दैन, त्यो काम महिलाले गर्नुपर्छ' भन्ने सत्यवतीको संवाद् वंश परम्परा धान्ने सवालमा मात्र होइन, राज्य सञ्चालनका सवालमा पनि त्यतिकै लागु हुन्छ। मत्स्यगन्धाको कथा झनै रोचक छ। सत्यवतीकै पूर्वरूप हुन् मत्स्यगन्धा, जो माझीको काम गर्थिन्। मानिसहरूलाई डुङ्गामा राखेर वारिपारि गर्नु उनको दैनिक कार्य थियो। यसको अर्थ कामकाजी महिला त्यतिबेलादेखि नै थिए, जो आफै काम गरेर गुजारा गर्थे। महिलाको आफ्नै प्रकारको सार्वजनिक जीवन थियो।

### स्वस्थानीः समानताका कुरा पनि छन्

अधिकांश हिन्दु धर्मशास्त्रमा उल्लेख भएका स्थानहरू अहिले नेपाल, भारत, अफगानिस्तान तथा वरपर परेका भए पनि स्वस्थानी यस्तो दस्ताबेज हो जहाँ कैलाश पर्वतलाई छोडेर हेर्ने हो भने नेपालका विशेषगरी काठमाडौं वरपरका ठाउँहरू उल्लेख गरिएको छ। अरू धर्मशास्त्रमा जस्तो पूरै भारतवर्षको नभई शालीनदी, श्लेश्मान्तक वन, वागमती, गौरीघाट, किरातेश्वर सबै नेपाली भूमिको चर्चा छ (प्रसाई, २०७५)। आफ्नै गाउँठाउँका कुरा उल्लेख भएकाले पनि स्वस्थानी यति धेरै लोकप्रिय भएको अनुमान गर्न सकिन्छ। स्वस्थानीलाई कतिपय सन्दर्भमा आलोचना गर्ने गरिएको छ तर स्वस्थानीका कतिपय सन्दर्भहरू उल्लेख्य लाग्छन्। सतीदेवीलाई महादेवले जुन हदसम्मको माया गरेका थिए, के हिजोआजका पतिबाट पत्नीले त्यस प्रकारको प्रेम पाउलान् या पाएका छन् ? मृत्युपश्चात् पनि प्रेमालाप गर्दै लाश बोकेर हिड्ने पतिको परिकल्पना पनि स्वस्थानीभित्रै छ।

कुनै पनि धर्म मानिसको आस्था हो। धर्मग्रन्थ तात्कालीन समाजका ऐना हुन्। रामायणकालीन समाज कस्तो थियो भनेर बुझ्नका लागि रामायणले मद्दत गर्छ। महाभारतकालीन समाज बुझ्न महाभारतले मद्दत गर्छ। त्यहाँ उल्लेख गरिएका सबै कुरा हामीले ग्रहण गर्नुपर्छ भन्ने छैन। चाहिने राम्रा कुरा लिएर नराम्रा कुरालाई त्यतिबेला यस्तो पनि रहेछ भनेर छोडिदिए हुन्छ। स्वस्थानी त्यस्तै एउटा ग्रन्थ हो, जसले तात्कालीन समाजका मानिसहरूको सोच र त्यतिबेला भइरहेका क्रियाकलापहरूको प्रतिनिधित्व गर्छ। स्वस्थानीले बालविवाहलाई प्रवर्धन गरेको होइन, त्यतिबेला कसरी बाल र अनमेल विवाह हुन्थ्यो भन्ने कुराको जानकारीमात्र दिएको हो। हामीकहाँ धेरैपछिसम्म अनमेल विवाह कायम थियो, जसलाई निमिट्यान्न पार्न कानुन नै बनाउनु परेको थियो। अहिले उक्त कानुनलाई विवाहको उमेर तोकिएसँगै हटाइएको छ।

अहिले बालिकाहरू बलात्कृत भइरहेका छन्। तीन वर्ष, पाँच वर्षका बालिका बलात्कार भएका घटना विभिन्न सञ्चारमाध्यम र प्रहरी प्रतिवेदनमार्फत सार्वजनिक भइरहेका छन्। सयौं वर्षपछि यस्तो अवस्था नहुन सक्छ। त्यतिबेला अहिलेका कुरा अध्ययन गर्नेहरूले बालिका बलात्कार गर्ने यस्ता विभेदकारी आपराधिक सामग्री हामीलाई पढाउने ? भनेर ती सामग्रीमाथि टिप्पणी गरे भने त्यो गलत हुन्छ कि सही ? अहिलेको समाजको प्रतिबिम्ब झल्काउने घटनाहरू सयौं वर्षपछिको पुस्तालाई 'बेकार' लाग्न सक्छ ।

स्वस्थानी घरघरमा सबैभन्दा बढी पढिने ग्रन्थ हो। व्रत बस्ने महिला पुरुष (कतिपय पुरुषले पनि यो व्रत लिन्छन्) ले मात्र होइन, व्रत नबस्ने, व्रतको बारेमा वास्तै नगर्नेहरूले पनि घरमा स्वस्थानी सुन्ने गरेका छन्। स्वस्थानीमा राम्रा कुरा के छन्, नराम्रा के छन् भनेर मनन गरेर पढ्ने, सुन्नेहरूको सङ्ख्या त्यति ठुलो होलाजस्तो लाग्दैन। 'स्वस्थानी व्रत कथा सुरु' भनेर लेखिएको पात्रोअनुसार साँझ स्वस्थानी पढ्ने कुरा धेरैको घरमा 'अनिवार्य गर्नुपर्ने काम' जस्तो हुने गरेको छ। कसैले

अभिभावकको खुशीको लागि, कसैले वर्षौंदेखिको निरन्तरताका लागि स्वस्थानी एउटा परम्पराजस्तो भइसक्यो। स्वस्थानीको अर्थ स्व'स्थानी अर्थात् आफू बसेकी ठाउँकी देवी भन्ने हुन्छ।

स्वस्थानी महादेव 'पार्वतीका पुत्र कुमार र ऋषि अगस्त्यबीचको संवाद हो (प्रसाई, २०७५)।' महाऋषि अगस्त्य यस्ता यात्री थिए जसले हिन्दु सनातन धर्मको प्रचार गर्न विश्वका विभिन्न मुलुकको भ्रमण गरेका थिए। दक्षिण भारतमा उनले ध्यान गरेका आश्रमहरू छन्। उत्तराखण्डमा अगस्त्य मुनिको मन्दिर छ। कम्बोडियामा अगस्त्य मुनिको शालिक पर्यटकको आकर्षणको रूपमा रहेको छ। इन्डानेसियामा महाऋषि अगत्स्यले हाम्रो देशको भ्रमण गरेका थिए भनेर ठुलो सम्मानका साथ नाम लिइन्छ। रामायण, महाभारत दुवैमा महाऋषि अगस्त्यको चर्चा छ। स्वस्थानी कथामा अगस्त्य मुनिलाई कुमारले कथा वर्णन गर्नुको उद्देश्य उनले सनातनी हिन्दु धर्म संस्कृतिलाई विश्वव्यापी बनाउन सक्छन् भनेर हुन सक्छ। त्यतिबेला अहिलेजस्तो सञ्चारका साधनहरू थिएनन् । जे कुराको प्रचार गरेपनि हिँडेरै जाने हो। विश्वका विभिन्न मुलुकको यात्रा गर्ने यात्रीलाई भन्यो भने हिन्दु धर्मको प्रचार हुन्छ भनेर यो वर्णन गरिएको हुनुपर्छ। स्वस्थानी सन् १५७३ मा संस्कृतमा लेखिएको थियो भन्ने छ। सन् १६०१ देखि नेपालीमा आएको तर त्यसको प्रतिलिपि नभेटिएको, सन् १८१० को स्वस्थानी नै अहिलेसम्म प्राप्त पुरानो प्रतिलिपि हो भनी विभिन्न दस्तावेजहरूमा उल्लेख छ।

स्वस्थानीमा मूलतः चार जना महिला पात्र छन् 'सतिदेवी, पार्वती, गोमा र चन्द्रावती' (प्रसाई, २०७५)। यी सबै गुणका पात्र अहिले पनि हाम्रो समाजमा छन । पार्वतीले शिवलाई पतिको रूपमा पाउन ध्यान तपस्या गरिन्। अहिलेजस्तो सञ्चार (फोन, एसएमएस, म्यासेन्जर...) को जमाना थिएन। आफ्ना भावना व्यक्त गर्न या आफूले मन पराएको कुरा भन्नका लागि उनले आराधनाको बाटो रोजिन्। जुन माध्यम र भाषा प्रयोग गरेकी थिइन्, त्यो उनले प्रेम गरेका महादेवले सजिलै बुझ्थे। सतीदेवीका बाबु उनलाई आफ्नो पैतृक सम्पत्तिका हकदारीसहितको उत्तराधिकारी बनाउन चाहन्थे। त्यतिबेलाको जमानामा छोरीलाई उत्तराधिकारी बनाउन चाहना गर्ने बाबुको परिकल्पना स्वस्थानीमा गरिएको छ।

महादेवका लागि विष्णुले सतीदेवी माग्न जाँदा आफ्नै लागि हो भनेका हुन्छन्। जवाफमा सतीदेवीका बाबु दक्षप्रजापतिले 'म मेरी छोरीलाई आफ्नो उत्तराधिकारी बनाउन चाहन्छु' भनेको प्रसङ्ग उल्लेखनीय छ। पार्वतीलाई एक्लै भएका बेला दैत्यहरूले नराम्रो नजरले हेर्छन्, अहिलेको परिस्थितिसँग तुलना गर्दा एक्ली महिलालाई राम्रो नजरले हेर्ने पुरुष कति होलान् ? पार्वतीले एउटा प्रसङ्गमा महादेवलाई 'हे ईश्वर ! लोग्नेमान्छेहरू पापी हुने रहेछन्, राम्री स्त्री देखेपछि श्रीमती बिर्सदा रहेछन्' भनेकी छन्। आफ्ना पतिलाई लिएर भगवानसँग यस्तो गुनासो गर्दै बस्ने या बस्नुपर्ने बाध्यतामा रहेका महिलाहरू अहिले पनि हाम्रो समाजमा प्रशस्त छन्। जालान्धरले पार्वतीलाई छल गरेर शारीरिक सम्बन्ध राख्न खोजेको थाहा पाएपछिको प्रसङ्गमा जालान्धरकी पत्नी वृन्दासँग विष्णुले

छल गरेर सम्बन्ध राख्न खोज्नु गलत हो तर त्यस्ता छली, जाली र झेली सम्बन्ध हाम्रो समाजमा अहिले पनि कायम छन्। वृन्दाले थाहा पाएपछि विष्णुलाई छक्याएर सुरक्षित बनिन्। हाम्रो समाजमा अहिले पनि आफूलाई गलत नजरले हेरेको थाहा पाएपछि विभिन्न बहाना गरी सुरक्षित हुने महिलाहरूको सङ्ख्या प्रशस्तै छ।

गोमा ब्राम्हणीलाई जीवनमा नसोचेको दुःख आइपरेपछि एकल महिलाको रूपमा छोरा हुर्काइन्। दुःख गरेर पढाउनका लागि अहिलेजस्तो विद्यालयहरू र विश्वविद्यालयहरू थिएनन्। सबैभन्दा ठुलो राजा हुन्थे, उनको प्रार्थनाले छोरालाई राजा बनायो। हामी पनि आफ्नो मिहिनेतले सन्तानलाई राम्रो शिक्षा दिलाएर राम्रो, असल र ठुलो मान्छे भएको हेर्न चाहन्छौं। समान उमेरका पुरुषसँग विवाह गरेरमात्र के गर्नु, गोमाले जस्तो भुक्तमान खेप्ने महिलाहरू समाजमा कति छन् कति ! यता चन्द्रवतीजस्ता दुःख पाएको बेला एक्ली सासूलाई घरमा एक्लै छोडेर माइत बस्ने महिलाहरू अहिले पनि हाम्रो समाजमा छन्। त्यतिबेला अहिलेजस्तो वैदेशिक रोजगारीको चलन थिएन, नवराज परदेश गएका थिए, फर्किदा पत्नी घरमा थिइनन्। अहिले वैदेशिक रोजगारमा गएकाहरूमध्ये धेरैले यस्तो व्यवहार भोगिरहेकै छन्।

**निष्कर्ष:**

पौरस्त्य हिन्दु धर्म र दर्शनलाई समग्रतामा हेर्दा महिलाको स्थान एकै प्रकारले व्याख्या गर्न सकिँदैन। एकातिर धर्मशास्त्र, पुराण र कथाहरूमा महिलालाई 'शक्ति', 'विद्या' र 'समृद्धि'को स्रोतका रूपमा उच्च स्थान दिइएको छ भने अर्कोतिर व्यावहारिक समाज र केही ग्रन्थीय व्याख्याहरूले महिलामाथि नियन्त्रण, सीमितता र असमानता पनि स्थापित गरेका छन्। यसले स्पष्ट पार्छ कि हिन्दु परम्पराभित्र महिलाको छवि बहुआयामिक, यदाकदा विरोधाभासपूर्ण र समयसापेक्ष रूपमा परिवर्तनशील रहेको छ।

हिन्दु धर्मशास्त्रमा महिला दार्शनिकहरूको उपस्थिति, स्वयंवरजस्ता अभ्यासहरूले दिएको छनोटको अधिकार र देवीहरूको स्वतन्त्र तथा सशक्त स्वरूपले महिलाको सामर्थ्य र स्वतन्त्रताको सशक्त सङ्केत गर्छ। मनुस्मृतिजस्ता ग्रन्थका पछिल्ला भागका केही व्याख्या तथा आदर्श महिलाको रूपमा अत्याधिक सहनशीलताको चित्रणले भने पितृसत्तात्मक सोचलाई बलियो बनाएको देखिन्छ। रामायणकी सीताको कथा वा महाभारतका महिला पात्रहरूको अवस्थाले यही द्वन्द्वलाई स्पष्ट पार्छ।

यसरी हेर्दा, हिन्दु धर्म र दर्शनले महिलालाई केवल सीमित भूमिकामा बाँध्ने मात्र गरेको नभई उनीहरूलाई उच्चतम आध्यात्मिक र सामाजिक स्थानमा पनि राखेको छ। ती ग्रन्थ र परम्परालाई समकालीन, समतामूलक र महिलामैत्री दृष्टिकोणबाट पुनःव्याख्या गर्नु आवश्यक छ। यसका साथै धर्मशास्त्रमा महिलाको पक्षमा भएका राम्रा कुराको व्याख्या गरी जनमानसमा जानकारी दिन पनि जरुरी छ। महिलाको सम्मान र समानता कुनै एक ग्रन्थ वा परम्परामा मात्र सीमित विषय होइन,

यसलाई व्याख्या गर्ने हाम्रो दृष्टिकोण र अभ्यासमा निर्भर विषय हो। यदि शक्तिको वास्तविक अर्थ बुझेर व्यवहारमा उतार्न सकियो भने हिन्दु दर्शन आफै महिलाको सशक्तीकरणको एक महत्त्वपूर्ण आधार बन्न सक्छ। धर्मशास्त्रमा उल्लेख भएका महिला सशक्तीकरणका कथाहरूलाई पृष्ठभूमिका रूपमा लिँदै प्रचारप्रसार गर्न आवश्यक छ। शास्त्रमा उल्लिखित समानता प्रवर्धन गर्ने कथाहरू नयाँ पुस्तका लागि प्रेरणादायी बन्न सक्छन्।

## सन्दर्भ-सामग्रीहरू


अम्माई डिल्ली, (वि.सं. २०७८), *अहं ब्रह्मास्मि,* घटना र विचार *https://ghatanarabichar.com/237528*

उपाध्याय, होमनाथ (वि.सं. २०५५). अयोद्याकाण्ड (वनवास निर्णय). *भानुभक्तीय रामायण रामाश्वमेधकाण्ड सहितको आठ काण्ड,* (९२औं संस्करण) आनन्द प्रिन्टीङ् प्रेस. वाराणसी, पृ. ९६।

उपाध्याय, होमनाथ (वि.सं. २०५५). अयोद्याकाण्ड (राम-सीता सम्बन्ध). *भानुभक्तीय रामायण रामाश्वमेधकाण्ड सहितको आठ काण्ड,* (९२औं संस्करण) आनन्द प्रिन्टीङ् प्रेस. वाराणसी, पृ. ९५-१०२ ।

उपाध्याय, होमनाथ (वि.सं. २०५५). उत्तरकाण्ड (सीता परित्याग). *भानुभक्तीय रामायण रामाश्वमेधकाण्ड सहितको आठ काण्ड,* (९२औं संस्करण) आनन्द प्रिन्टीङ् प्रेस. वाराणसी, पृ. २३४।

उपाध्याय, होमनाथ (वि.सं. २०५५). उत्तरकाण्ड (लव-कुश जन्म). *भानुभक्तीय रामायण रामाश्वमेधकाण्ड सहितको आठ काण्ड,* (९२औं संस्करण) आनन्द प्रिन्टीङ् प्रेस. वाराणसी, पृ. ३४४ ।

द्विवेदी, पण्डित गिरिजाप्रसाद (सन्.१९१७). *मनुस्मृति ३।६०, ९।१०, ९।१२, ४१।४४* : नवलकिशोर विद्यालय, लखनऊः मुन्शी नवलकिशोर सीं आई,ई, प्रेस पहिलो संस्करण

प्रसाईं, डा.कञ्चनजङ्गा (वि.सं. २०७५). *श्रीस्वस्थानी व्रतकथा (स्वस्थानी पूजाविधिसमेत).* नई प्रकाशन, ऋचा अफसेट प्रेस, काठमाडौं ।

बस्नेत, बबिता, (वि.सं. २०७३). *महाभारतकालीन नारीवाद.* घटना र विचार. *https://ghatanarabichar.com/47474*

बस्नेत, बबिता, (सन् २०२४), *समय भित्रको समय पोडकाष्ट* टिमोथी लुबिनसँगको कुराकानी. *https://www.youtube.com/watch?v=C3_LS0VG1u0*

बस्नेत, बबिता, (वि.सं. २०७६). *एक्ली देवीले किन भोग खान्छिन् ?* नागरिक दैनिक. *https://nagariknews.nagariknetwork.com/others/192599-1570248420.html*

महर्षि, वेदव्यास, (मिति नभएको). आदिपर्व (सत्यवती, व्यास र नियोग प्रथा). *महाभारत नेपालीमा.* पृ. १-७८।

महर्षि, वेदव्यास, (मिति नभएको). सभापर्व (द्यूत क्रीडा र द्रौपदी अपमान). *महाभारत नेपालीमा.* पृ. १११।

महर्षि, वेदव्यास, (मिति नभएको). उद्योगपर्व (कुन्ती-कर्ण संवाद). *महाभारत नेपालीमा.* पृ. ५७९।

लुइटेल, तिलकप्रसाद (वि.सं.२०६३). *ऋग्वेद संहिता,* विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, पृ.६१७-७५५, ८९१-८९५।

Bryan V. N. (2017). *Taking Back Philosophy: A Multicultural Manifesto*. Columbia University Press.

Doniger, W. (2010). *The Hindus: An Alternative History*. Oxford University Press.

Ganguli, K. M. (Trans.). (2010). *The Mahabharata (Vana Parva)*. Munshiram Manoharlal, (Original work published 1883)

Kinsley, D. (1988). *Hindu Goddesses: Visions of the Divine Feminine in the Hindu Religious Tradition*. University of California Press.

Olivelle, P. (1996). *Upanishads*. Oxford University Press.

Radhakrishnan, S. (1953). *The Principal Upanishads*. Harper & Row.